मिति: २०८०/११/०३ नेसं. ११४४ सिल्लाथ्व, ६ बिहिवार बैठक संख्या - ११

आज मिति २०८०/११/०३ गते विहिवारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को एघारौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. कम्प्युटर अपरेटर लक्ष्मी चुहान..........

१८. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/११/०३ | नेसं. ११४४ सिल्लाथ्व, ६ बिहिवार | बैठक संख्या - ११

**प्रस्तावहरू:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरूको जानकारी सम्बन्धमा ।

२. हालसम्मको कार्यालयको प्रगति प्रतिवेदन पेश तथा छलफल गरी अनुमोदन सम्बन्धमा ।

३. गाउँ सभाको हिउँदे अधिवेशन (पन्ध्रौं) तयारी सम्बन्धमा ।

४. विविध ।

क. आ.व. २०८१/०८२ को अनुमानित आयको प्रक्षेपण सम्बन्धमा ।

ख. मझैटार मा.वि.को पुराणमा आर्थिक सहयोग सम्बन्धमा ।

ग. हिलिहाङ दरवार प्यागोडा शैलीको भुक्तानी सम्बन्धमा ।

घ. पाँचथर बहुमुखी क्याम्पसमा आर्थिक सहयोग सम्बन्धमा ।

ङ. अन्य आर्थिक सहायता सम्बन्धमा ।

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/११/०३ ने.सं. ११४४ सिल्लाथ्व, ६ बिहिवार बैठक संख्या - ११

**निर्णय नं. –१.**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**निर्णय नं. –२.**

शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत भएको हालसम्मको कार्यालयको प्रगति प्रतिवेदनमाथि दफावार छलफल गरी कार्यपालिकाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. –३.**

आगामी हिउँदे अधिवेशन (पन्ध्रौं गाउँसभा) बाट तपसिल बमोजिमको बजेट र स्रोतबाट योजना विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | बजेट स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक राजस्व | रु.७८,७०,२००।- | |
| २. | समपुरक कोष-संघका लागि | रु. २०,००,०००।- | |
| ३. | समपुरक कोष- प्रदेशका लागि | रु. ७,००,०००।- | |

**निर्णय नं. –४.**

**विविधः-**

क. आगामी आ.व. २०८१/०८२ को अनुमानित आय रु. ४७,५३,२८,४७०/- प्रक्षेपित रकम अर्थ मन्त्रालयमा पेश गर्ने।

ख. हिलिहाङ गाउँपालिका वडा नं. ४ मा अवस्थित श्री मझैटार आ.वि., मझैटारमा मिति २०८० साल माघ १५ गतेदेखि माघ २२ गतेसम्म आयोजना गरेको श्रीमद्भागवत महापुराण सप्ताह ज्ञानमहायज्ञमा अन्य आर्थिक सहायता शिर्षकबाट व्यवस्थापन खर्च वापत् रु. ५०,५५५।- (अक्षरेपी पचास हजार पाँच सय पच्पन्न रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ग. हिलिहाङ दरवार प्यागोडा शैलीको भुक्तानी संघीय समपूरक कोष र प्रशासकीय भवन निर्माण योजनाबाट गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त भए पश्चात् रकम सोधभर्ना हुने गरी भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

घ. फिदिम नगरपालिकामा अवस्थित श्री पाँचथर बहुमुखी क्याम्पसमा मिति २०८० साल फागुन ०२ गतेदेखि फागुन ०९ गतेसम्म सञ्चालन हुने श्रीमद्भागवत महापुराण सप्ताह ज्ञानमहायज्ञमा अन्य आर्थिक सहायता शिर्षकबाट व्यवस्थापन खर्च वापत् रु. १,११,१११।- (अक्षरेपी एक लाख एघार हजार एक सय एघार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

ङ. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बमोजिम भएका निवेदनहरूमा मापदण्ड बमोजिमको रकम र मापदण्ड बाहेकको अन्य विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई आर्थिक सहायता रकम भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

| क्र.सं. | नामथर | ठेगाना | रोगको प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री पदम कुमारी तामाङ | हिलिहाङ-७, पाँचथर | घाँटी तथा फोक्सो सम्बन्धी | रु. २५,०००।- को दरले दुई जना छोराछोरीलाई | विरामीको आमा |
| २. | श्री धन बहादुर सार्की लम्जेल | हिलिहाङ-५, पाँचथर | हर्निया | रु. २५,०००।- | विरामीको बुबा |

निर्णय प्रमाणित

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत